दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक ७७ | बुटवल |२०८२ चैत ०३ गते, मंगलबार | नेपाल संवत ११४६ | Tuesday March 17, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

**डढेलोबाट जोगिऔं र जोगाऔं**

- सुख्खायाम तथा पतभ्फरको समयमा डढेलो लाग्न सक्छ,
- डढेलोले मानिस, वन्यजन्तु र पर्यावरणमा गम्भीर असर पार्न सक्छ, डढेलोबाट जोगिन ।
- जथाभावी रूपमा वन तथा जङ्गल क्षेत्रमा आगो नबालौं,
- सुक्खा घाँस पातजस्ता ज्वलनशील वस्तु सुरक्षितरूपमा व्यवस्थापन गरौं,
- चुरोट, विडी, आगोका भिल्का भएका वस्तु जथाभावी नफालौं,
- डढेलोविरुद्ध समुदायस्तरमा सचेतना फैलाऔं
- डढेलो देखिएमा तत्काल सम्बन्धित निकायमा जानकारी गराऔ ।

**वन जोगाउ र वातावरण संरक्षणमा योगदान दिऔं ।**

**नेपाल सरकार विज्ञापन बोर्ड**

## चुनाव नलड्ने सिके राउतको घोषणा



बुटवल । जनमत पार्टीका अध्यक्ष सिके राउतले प्रतिनिधिसभा निर्वाचनमा पराजयपश्चात् संसदीय राजनीतिबाट टाढा रहने उद्घोष गरेका छन् । अब आइन्दा कुनै पनि संसदीय चुनावमा भाग नलिने उनको भनाइ छ ।

सामाजिक सञ्जालमा स्टाटस लेख्दै उनले संसदीय राजनीतिबाट सन्यास लिने तर संघर्षको राजनीति जारी राख्ने बताएका हुन् । पार्टीलाई आवश्यकता रहेसम्म नेतृत्व दिँदै अगाडि बढाउने उनले उल्लेख गरेका छन् । यसअघि दुईपटक व्यक्तिगत इच्छाविपरीत संसदीय चुनाव लडेको राउतले दाबी गरेका छन् ।

उनी लेख्छन्-'दुईपटक व्यक्तिगत इच्छाविपरीत संसदीय निर्वाचन लडें, एक पटक जीतें, एक पटक हारें । तर दुईटै पटक निर्वाचनमा भाग लिने निर्णयबाट खुशी नै छु ।'

आफूले जनमत पार्टीको नेतृत्व पनि अनिच्छापूर्वक स्वीकारेको राउतको भनाइ छ । उनले लेखका छन्-'२०७५ सालमा 'स्वतन्त्र मधेश गठबन्धन' लाई सरकारले बिलकुलै कुनै काम गर्न नदिए पछि र जनतामा जान पूर्णतः रोक लगाए पछि पार्टी खोल्नु पर्यो भनेर हामीले निर्णय गर्यौं । सो पार्टीको अध्यक्ष बन्नका लागि नरेन्द्र प्रसाद चौधरीज्यू सहितका साथीहरूलाई जनकपुरमा बोलाएर पटक-पटक कन्भिन्स गरें । उहाँहरूले न माने पछि म आफैं जनमत पार्टीको अध्यक्ष बन्नुपरेको थियो ।'

यसपटक पनि आफू चुनाव लड्न नचाहेको उनले बताएका छन् ।

## श्रेष्ठको नियुक्ति र अर्यालको सिफारिस फिर्ता लिन आग्रह

बुटवल । आम जनता पार्टी (आजपा) का अध्यक्ष प्रभु साहले सरकारलाई पछिल्ला दुई निर्णय फिर्ता लिन आग्रह गरेका छन् । राष्ट्रियसभामा ओमप्रकाश अर्यालको नाम सिफारिस गर्ने निर्णय र आदर्श श्रेष्ठलाई राष्ट्रिय प्रकृति संरक्षण कोषको अध्यक्षमा नियुक्त गर्ने निर्णय फिर्ता लिन उनले सरकारलाई भनेका हुन् ।

जेनजी विद्रोहको जगमा बनेको सुशीला कार्की नेतृत्वको सरकारले आफ्ना आसेपासेलाई राज्यका महत्त्वपूर्ण निकायमा भर्ती गर्ने निर्णय गर्नु उचित नरहेको उनको आग्रह छ ।

'निर्वाचन गराउने प्रधान दायित्व बोकेको सरकारले निर्वाचन सम्पन्न गरेर अब बहिर्गमनको बेलामा भने जेनजी विद्रोहको मूल मर्ममाथि नै प्रहार हुने गरि सुशासनलाई धज्जी उडाउँदै आफ्ना आसेपासेलाई राजनीतिक नियुक्ति दिलाउनु निन्दनीय छ,' उनले सामाजिक सञ्जालमा लेखेका छन्-'निर्वाचन गराउने जिम्मेवारी पाएका गृहमन्त्री ओमप्रकाश अर्याल सत्ताबाहिर बस्न नचाहेर आफूसम्मिलित मन्त्रिपरिषद्बाट राष्ट्रिय सभामा मनोनित हुन सिफारिस हुनु पनि अर्को लाजको विषय हो ।'

प्रधानमन्त्री कार्कीले आफ्नो पीए आदर्श श्रेष्ठलाई जाँदाजाँदै राष्ट्रिय प्रकृति संरक्षण कोषको अध्यक्षमा नियुक्त गर्नु सुशासन र पारदर्शीताको उपहास भएको पनि उनले बताएका छन् ।

यसका साथै अध्यक्ष साहले जेनजी आन्दोलनको छानबिन गर्न बनेको जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक गर्न माग गरेका छन् ।

'सरकार प्रमुख त्यो प्रतिवेदन सार्वजनिक गर्नुको साटो आफ्ना आसेपासेलाई राज्यका निकायमा भर्ती गर्न व्यस्त हुनु लज्जाको विषय हो,' उनी लेख्छन्,-'सुशीला कार्कीलाई यी दुवै निर्णय फिर्ता लिन र तत्काल जाँचबुझ आयोगको प्रतिवेदन सार्वजनिक आग्रह गर्दछु ।'

गृहमन्त्री ओमप्रकाश अर्याललाई राष्ट्रियसभा सदस्यमा मनोनयन गर्नका लागि मन्त्रिपरिषद् बैठकले आइतबार नै सिफारिस गरेको थियो । तर, सोमबार अपराह्नसम्म उक्त सिफारिसको पत्र राष्ट्रपति कार्यालयमा पुगेको छैन । त्यहीँ पत्र नपुगेपछि त्यहाँबाट हुनुपर्ने मनोनयनको सूचना संसद् सचिवालयले पाउने भन् कुरै भएन ।

राष्ट्रपतिबाट राष्ट्रियसभा सदस्यमा मनोनयन हुने दुईमध्ये एक पद रिक्त छ । आइतबार मन्त्रिपरिषद्को बैठकले गुल्मी स्थायी ठेगाना भएका गृहमन्त्री अर्यालको नाम सिफारिस भएको जानकारी स्वयं उनले सञ्चारकर्मीहरूलाई दिएका थिए ।

राष्ट्रियसभामा रिक्त अन्य सदस्य निर्वाचनबाट निर्वाचित भएर पनि शपथ भइसकेको छ । तर, राष्ट्रपतिबाट मनोनयन हुनुपर्ने सदस्य भने हालसम्म रिक्त छ ।

» बाँकी ३ पेजमा

# वन डढेलो नियन्त्रण गर्न दस्ता

### नेपालमा डढेलोका कारण प्रत्येक वर्ष करिब १ लाख ७० हजार हेक्टर वन क्षेत्र प्रभावित हुने अनुमान छ ।



**लुम्बिनी संवाददाता**
*अर्घाखाँची*

अर्घाखाँची जिल्लामा वन क्षेत्रमा बढ्दो डढेलो जोखिमलाई ध्यानमा राख्दै 'वन डढेलो सचेतना तथा व्यवस्थापन सप्ताह २०८२' को औपचारिक शुभारम्भ गरिएको छ ।

वन डढेलो नियन्त्रण तथा डढेलोबाट हुन सक्ने क्षति न्यूनीकरणका लागि योजनाबद्ध रूपमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्न थालिएको डिभिजन वन कार्यालयका सूचना अधिकारी केशर खड्काले जानकारी दिए ।

सप्ताहको अवसरमा वन डढेलो नियन्त्रण र जोखिम व्यवस्थापनलाई प्रभावकारी बनाउन विशेष वन डढेलो नियन्त्रण दस्ताको नियुक्ति गरिएको छ । डिभिजन वन कार्यालयको नेतृत्वमा गठन गरिएको उक्त दस्तामा १२ सदस्यीय टोली रहने व्यवस्था मिलाइएको छ । टोलीलाई आवश्यक उपकरण तथा मिनी दमकलसहित तयारी अवस्थामा राखिएको छ ।

डिभिजन वन कार्यालयका सूचना अधिकारी केशर खड्काका अनुसार उक्त १२ सदस्यीय टोलीलाई जेठ मसान्तसम्म जिल्लाभर परिचालन गर्ने गरी व्यवस्थापन मिलाइएको छ । डढेलोको जोखिम बढी हुने समयलाई लक्षित गरी टोलीलाई विभिन्न वन क्षेत्रमा निगरानी तथा तत्काल नियन्त्रणका लागि खटाइने उनले जानकारी दिएका छन् ।

सप्ताहको सुरुवातसँगै सरोकारवाला निकायबिच अन्तरक्रिया कार्यक्रम पनि आयोजना गरिएको थियो । कार्यक्रममा वरिस्ठ वन अधिकृत सन्तबहादुर थिङ, रामबहादुर घलान, भू तथा जलाधार कार्यालयका प्रमुख राकेश कुँवर, अधिकृत अरुण आचार्यलगायत स्थानीय तहका प्रतिनिधि, सुरक्षाकर्मी, सामुदायिक वन उपभोक्ता समूहका प्रतिनिधि तथा अन्य सरोकारवालाहरूको सहभागिता रहेको थियो ।

अन्तरक्रियामा वन डढेलोको कारण, यसको प्रभाव तथा रोकथामका उपायबारे छलफल गरिएको थियो । सहभागीहरूले वन डढेलो नियन्त्रणमा सरकारी निकायसँगै स्थानीय समुदायको सक्रिय भूमिका अत्यन्त महत्वपूर्ण हुनेमा जोड दिएका थिए ।

यसै अवसरमा वन डढेलोसम्बन्धी तथ्यांक संकलन र सूचना व्यवस्थापनलाई व्यवस्थित बनाउन नयाँ डिजिटल प्रणाली पनि सञ्चालनमा ल्याइएको छ । जिल्लाभित्र रहेका ६ वटै सवडिभिजन वन कार्यालयहरूले वन डढेलोसम्बन्धी घटना भएको २४ घण्टाभित्र अनलाइन प्रणालीमा प्रविष्टि गर्ने व्यवस्था मिलाइएको छ ।

'वन डढेलो रिपोर्टिङ २०८२/०८३' नामक अनलाइन सिट सञ्चालनमा ल्याइएपछि डढेलोसम्बन्धी तथ्यांक समयमै संकलन हुने र आवश्यक निर्णय लिन सहज हुने अपेक्षा गरिएको छ ।

वन संरक्षण, जैविक विविधता र वातावरणीय सन्तुलन कायम राख्न वन डढेलो नियन्त्रण महत्वपूर्ण हुने भएकाले सम्बन्धित निकायले सबैलाई सतर्कता अपनाउन आग्रह गरेको छ । साथै वन क्षेत्रमा डढेलो देखिएमा तत्काल जानकारी गराएर नियन्त्रणमा सहयोग गर्न स्थानीयवासीसँग अनुरोध गरिएको छ ।

विज्ञहरूका अनुसार नेपालमा लाग्ने ९० प्रतिशतभन्दा बढी डढेलो मानवीय कारणबाट हुने गरेको छ । घाँस उम्राउन जानीजानी आगो लगाउने, सिकार गर्न वनमा आगो लगाउने तथा लापरबाहीका कारण डढेलो फैलिने गरेको छ ।

वन विभागका अनुसार नेपालमा डढेलोका कारण प्रत्येक वर्ष करिब १ लाख ७० हजार हेक्टर वन क्षेत्र प्रभावित हुने अनुमान छ । यसले वनस्पति, वन्यजन्तु, जडीबुटी स्रोत तथा स्थानीय जीविकोपार्जनमा गम्भीर असर पारिरहेको छ ।

विज्ञहरूले डढेलो नियन्त्रणका लागि समुदाय-आधारित वन व्यवस्थापन, आधुनिक निगरानी प्रणाली र कडा कानुनी कार्यान्वयन आवश्यक रहेको बताएका छन् ।

# रूपन्देहीबाट प्रतिनिधिसभामा १२ सांसद : को कसरी पुगे ?

### प्रत्यक्षमा पाँचजटै क्षेत्र जितेको रास्वपाबाट मात्रै ११ सांसद छानिएका छन् भने राप्रपाबाट एक जना छन् । जसमध्ये महिला ५ जना र पुरुष ७ जना छन् ।



**आचार्य प्रदिप**
*बुटवल*

केन्द्रीय राजनीतिमा बलियो प्रभाव पार्ने एमाले, कांग्रेस, राप्रपाका नेताहरुको गृह जिल्ला अहिलेको परिस्थितिमा पनि बलियो राजनीतिक केन्द्र बन्ने निश्चित भएको छ । किनकी यहाँबाट संघीय संसदमा १२ जना सांसदहरु पुग्दैछन् । ५ निर्वाचन क्षेत्र रहेको रुपन्देहीमा अन्य ७ जना समानुपातिकबाट पर्दा रुपन्देहीमा १२ सांसद पुग्न सफल भएका हुन् ।

समानुपातिकको अन्तिम मतगणनाअनुसार ६ वटा दल रास्वपा, कांग्रेस, एमाले, नेकपा, श्रम संस्कृति र राप्रपाले 'थ्रेसहोल्ड' कटाएका छन् । यी पार्टीले आफ्ना समानुपातिक उम्मेदवार टुंगो लगाएपछि रुपन्देहीमा १२ सांसद छिर्ने पक्का भएका हुन् । सबै क्लस्टर मिलउँदै जाँदा रास्वपाले समानुपातिकबाट पनि रुपन्देहीबाट ५ जना सांसद पाएको छ भने राप्रपाले १ सांसद पाएको छ । राप्रपाबाट ताहिर अलि छानिएका छन् ।

**प्रत्यक्षबाट को–को ?**

रुपन्देहीका सबै पाँच निर्वाचन क्षेत्रबाट "राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)" का उम्मेदवार विजयी भएका छन् । रूपन्देही-१ मा सुनिल लम्साल ले ५४ हजार ८४५ भोट लिएर निकटतम प्रतिद्धन्ध्वी नेपाली कांग्रेसका हिराबहादुर खत्रीलाई भण्डै ४२ हजार ८६३ मतले पराजित गर्दै जित हासिल गरे ।

रूपन्देही-२ मा सुलभ खरेल ले ५६ हजार ५५० भोट प्राप्त गरे र एमालेका विष्णुप्रसाद पौडेललाई अत्यधिक मत अन्तर (लगभग ४३हजार ६८९) ले हराए । रूपन्देही-३ मा डा. लेखजंग थापा ले ५८ हजार ८१४ भोट लिए, उनका सबै प्रतिस्पर्धीले १० प्रतिशत मत पनि नपाउँदा निकटतम प्रतिद्वन्द्वी सुशील गुरुङलाई करिब ५०हजार ३७९ मतले पराजित गरे ।

रूपन्देही-४ मा कन्हैया बनियाँ ले २८हजार ०६६ भोट लिएर नेकपा एमालेका प्रमोदकुमार यादवलाई करिब ७ हजार ८०४ मतले पराजित गरे । रूपन्देही-५ मा तौफिक अहमद खान ले ३८ हजार ८०६ भोट प्राप्त गर्दै एमालेका खिमलाल भट्टराईलाई करिब २५ हजार ७०६ मतले पराजित गर्दै जित् हात पारे । यी सबैजना पहिलोपटक संसद छिर्दैछन् ।

**रास्वपाबाट यी अनुहार छिर्दैछन् सांसद**

प्रत्यक्षमा ५ सिट नै जितेको रुपन्देहीबाट ५ जना समानुपातिक सांसदहरु छानिएका छन् । पार्टीमा लामो समयदेखि नै क्रियाशिल रहेकादेखि निर्वाचनको समयमा पार्टी परित्याग गरेर प्रचारमा लाग्नेहरु संसदमा पुग्ने भएका हुन् । खसआर्यबाट श्रद्धा कुँवर, मञ्जु भुसाल, ज्ञानु पौडेल, मधेशी महिलाबाट पुनमकुमारी अग्रवाल, दलिततर्फ अमृता बिकको नाम रास्वपाले निर्वाचन आयोगमा पठाएको हो ।

**व्यवसायी पुनमकुमारी अग्रवाल**

मधेशी महिला कोटाबाट संसद छिर्न लागेकी पुनमकुमारी अग्रवाल रुपन्देहीको भैरहवाकी युवा उद्यमी, समाजसेवी । उनी राष्ट्रिय स्वतन्त्र पार्टीमा आबद्ध रहेर उद्यमसँगै राजनीति अघि बढाइरहेकी छन् । मेडिकल बायोलोजीमा स्नातकोत्तर अध्ययन गरेकी उनी दानेदार अर्गानिक मल उद्योगकी सञ्चालक पनि हुन्, जसले किसान र माटोको स्वास्थ्य सुधारमा काम गर्दै आएकी छन् ।

» बाँकी ३ पेजमा



## सम्पादकीय

# डढेलो रोक्ने अभियान

नेपालमा हरेक वर्ष डढेलोले ठूलो धनजनको नोक्सान हुँदै आएको छ। खासगरी सुख्खायाम फागुनदेखि जेठसम्म एक गम्भीर समस्याको रुपमा देखिएको छ। डढेलोले जैविक विविधताको विनाश, वायुमण्डलमा प्रदूषण र मानव बस्तीलाई जोखिममा पार्छ। यद्यपी यसले गर्ने क्षतिको प्रष्ट लेखाजोखा नभए पनि वातावरण र मानव समाजलाई विनाशको मार्गमा पुऱ्याउने भएकाले रोकथामका उपायहरु अवलम्बन गरिए पनि ती उपाय कामयाव हुनसकिरहेका छैनन्।

नेपालमा ९६ प्रतिशत डढेलो मानवीय कारणले हुने गरेको छ। नयाँ घाँस पलाउने लोभमा, चुरोटका ठुटा फालेर, वनभोज जाँदा आगो ननिभाउँदा र अरिङ्गाल पोल्दा छाडेको आगोले डढेलो लाग्ने गरेको अध्ययनहरुले देखाएका छन्। डढेलो नियन्त्रण समुदायको सहभागिता विना सम्भव छैन। समुदायको सहभागिता गराइ डढेलो नियन्त्रण अभियान अघि बढाउनुपर्छ। डढेलो लाग्नुपहिले नै पूर्व तयारीका कार्यक्रमले नियन्त्रण अभियान प्रभावकारी हुनसक्छ। वनमा अग्निरेखा बनाउने र अग्निरेखामा भएका पातपतिङ्गर हटाउने बेला हो यो। रूपन्देहीको देवदहका सामुदायिक वनहरुले डढेलो नियन्त्रण अभियान चलाएका छन्। सामुदायिक वनको सक्रियताले समुदायको परिचालन गर्छ। सामुदायिक वनमा अग्निरेखा बनाउने र अग्निरेखामा पातपतिङ्गर हटाउने काम सामुदायिक वन उपभोक्ता समूहले गर्न सक्छन्।

वनमा सुकेका र ढलापडा काठ निकाल्न बेलैमा ध्यान दिने हो भने डढेलोको क्षति न्यूनीकरण गर्न सकिन्छ। वनमा ढलापडा काठ ननिकाल्दा हामीलाई आवश्यक काठ सहजै पाउन सकिरहेका छैनौ। अहिले विदेशबाट काठ आयात हुन थालेको छ। ढलापडा काठ निकाल्न नीतिगत समस्या भए नीतिगत सुधारमा प्राथमिकता नयाँ सरकारले दिनुपर्छ। कार्यशैलीगत विषयमा पनि सुधार गर्न आवश्यक छ। कर्मचारीलाई काम गर्दा हतोत्साहित पार्ने प्रवृत्ति मौलाउँदा नतिजामुखी काममा समस्या देखिन थालेका पनि छन्।

राष्ट्रिय वनमा समुदायको परिचालन सहज नभएको अवस्थामा सरकारले नै लगानी बढाउने र समुदायको परिचालनमा जोड दिन आवश्यक छ।

डढेलो नियन्त्रणका लागि समुदायको परम्परागत ज्ञान र सीपलाई प्रयोग गरेर अघि बढ्दा आर्थिक व्ययभार समेत कम पर्छ। समुदायको ज्ञान र सीप प्रयोग गर्दा उनीहरूलाई अपनत्व बढ्छ। कम बजेटमा पनि नतिजामुखी काम गर्न सकिन्छ। वन ऐन २०७६ मा डढेलो लगाउनेलाई क्षतिको बिगो असुल गरी तीन वर्ष कैद वा ६० हजार जरिवाना वा दुवै सजाय हुने व्यवस्था छ। यो कानुनी व्यवस्थाको कार्यान्वयनलाई कडाइ गर्दा डढेलो नियन्त्रणमा बल पुग्न सक्छ।

# नेप्से परिसूचक २६ अङ्कले घट्यो



काठमाडौं। नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा सोमबार दोहोरो अङ्कको गिरावट देखिएको छ। नेप्से परिसूचक २६ दशमलव ०७ अङ्कले घटेर दुई हजार ७९८ दशमलव ८३ को बिन्दुमा कायम भएको हो। यो शून्य दशमलव ९२ प्रतिशतको गिरावट हो।

३४५ कम्पनीको तीन करोड सात लाख ९० हजार २११ कित्ता शेयर एक लाख दुई हजार ७५९ पटक खरिदबिक्री हुँदा रु ११ अर्ब ९७ करोड ४६ लाख ९६ हजार ८८ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ।

कारोबारमा उत्पादन तथा प्रशोधन समूहको उपसूचक शून्य दशमलव २५ प्रतिशतले बढेको छ भने अरू सबै समूहको उपसूचक घटेको छ। बैङ्किङ एक दशमलव ६१, विकास बैङ्क शून्य दशमलव ८४, वित्त शून्य दशमलव ७१, होटल तथा पर्यटन शून्य दशमलव २६, जलविद्युत् शून्य दशमलव ६१, लगानी एक दशमलव ५२ र जीवन बिमा समूह शून्य दशमलव ९४ प्रतिशतले घटेको छ। लघुवित्त शून्य दशमलव ९५, म्युचुअल फन्ड शून्य दशमलव ४६, निर्जीवन बिमा शून्य दशमलव ४५, व्यापार एक दशमलव ०९ र अन्य समूह एक दशमलव ०९ प्रतिशतले घटेको छ।

सलपा विकास बैङ्क लिमिटेड, रिलायन्स स्पिनिङ मिल्स लिमिटेड, अपर हेवाखोला हाइड्रोपावर कम्पनी लिमिटेड र सोलु हाइड्रोपावर लिमिटेडको शेयर मूल्यमा आज सकारात्मक सर्किट लागेको छ। सबैभन्दा धेरै गुमाउनेमा भने सिद्धार्थ इक्विटी फन्डको शेयर मूल्य चार दशमलव ३९ प्रतिशतले घटेको छ।

कारोबार रकमका आधारमा सबैभन्दा धेरै आँखुखोला जलविद्युत् कम्पनी लिमिटेडका रु ६८ करोड ७७ लाख २४ हजार ७६१ बराबरको कारोबार भएको छ। कारोबार भएका शेयर संख्याका आधारमा भने सबैभन्दा धेरै नेसनल हाइड्रोपावर कम्पनी लिमिटेडको २२ लाख ७२ हजार २४५ कित्ता शेयर किनबेच भएको नेप्सेले जनाएको छ।

# मतदाताको एकलब्य चाहनापछि चक्रब्यूहमा नेपाल !



**देवप्रकाश त्रिपाठी**

मतदाताको विवेकीय निर्णय हुन सकेन, साउदी अरब, बहराइन, युएई, कुवेत, ओमान र युक्रेनका जनताले झैँ अर्काको निम्ति देश जोखिम र त्रासमा रहनुपर्ने चिन्ता थपिएको छ। देशको पक्षका सन्देश र चाहनालाई उपेक्षा गरेर नेपाली मतदाता यतिबेला औधी खुशी भएका छन्, त्यसैले यतिबेला महान् नेपाली दार्शनिक रूपचन्द्र विष्टको स्मरण धेरै देशभक्त नेपालीलाई भइरहेको हुनुपर्छ।

प्रजातन्त्रको सुन्दरतम् पक्षमध्ये एक मतदाताको मत बदल्ने क्षमतालाई मानिन्छ। मुलुक र समाजको आवश्यकता अनुरुप नीति बदल्न सक्ने/जान्ने नेतृत्वलाई गतिशील ठानिएजस्तै मुद्दा बुझेर मत बदल्न सक्ने मतदातालाई योग्य र चेतनशील मानिन्छ। नेतृत्व र मतदाता बदलिने विषयचाहिँ स्थीर हुनुपर्छ, जस्तै सार्वभौमिक सर्वोच्चता, राष्ट्रियता, राष्ट्रिय एकता, सामाजिक सद्भाव, भौगोलिक अखण्डता, जनहित, राष्ट्रिय समृद्धि, स्वसंस्कृति, स्वधर्म, परम्परा, भाषा, मौलिक एवम् जन उपयोगी वैज्ञानिक शिक्षा प्रणाली र राष्ट्रिय स्वाभिमान जस्ता विषयहरू उपेक्षित हुने प्रकारले बदलिने छुट नेतृत्व र मतदाता दुबैलाई हुँदैन। सधैं र सबै मतदाताको मत र नेतृत्वको सोंच उल्लिखित विषयहरूमा केन्द्रीत रहनुपर्छ, यसबाट स्खलित हुने छुट कसैलाई हुँदैन।

तथापि, मतदाताले आफ्नो विवेक (conscience) प्रयोग गर्न नसक्दा गलत मतदानकै कारण संसारमा अनेकौं अस्वाभाविक र अप्रिय घटना पनि निम्तिएका छन्। फिलिपिन्समा मार्कोस, जिम्बाबेमा रोबर्ट मुगाबे, जर्मनीमा हिटलर र इटालीमा मुसोलिनी जस्ता तानाशाहहरूको उत्पत्ति जनताको मतबाट नै भएको थियो भने पूर्वी युरोपको समृद्ध मुलुक युक्रेनले वर्तमानमा भोगिरहेको बर्बादीको मूल कारण पनि मतदाताले ठीक समयमा विवेक नपुऱ्याउनाले नै हो। एक समयको सार्वभौम मुलुक सिक्किमले आफ्नो सार्वभौमिकता गुमाउनुमा पनि त्यहाँका मतदाताको भूमिका मुख्य जिम्मेवार रहेको छ। मतदातामा विवेकीय क्षमताप्रति विश्वस्त हुन नसकिने भएकोले हुनुपर्छ संयुक्त राज्य अमेरिकाले आम जनतालाई मतदाता चुन्ने अधिकार मात्र निश्चित गरिदिएको छ। योग्य व्यक्ति चुनिन मतदाता योग्य हुनुपर्छ भन्ने अवधारणा स्थापित गर्दै अमेरिकाले इलेक्टोरल कलेजका माध्यमबाट कार्यकारी प्रमुख निर्वाचित हुने अभ्यास गर्दै आएको हुनुपर्छ।

मानिसले ख्याति आर्जन गर्नु र राज्य सञ्चालनका निम्ति योग्य हुनु दुई भिन्न पक्ष हुन्। मानिस गायक बनेर, नृत्य गरेर, जोकर बनेर, लेखेर, धन आर्जन गरेर, ऱ्यापर बनेर, अभिनेता या अभिनेत्री भएर, हास्य कलाकार बनेर या यस्तै सिर्जनात्मक अनेक कार्य गरेर ख्याति आर्जन गर्न सक्छन्, चर्चित बन्न सक्छन्। एउटा विधामा ख्याति आर्जन गरेका ब्यक्तिले आफ्नो ख्यातिलाई दुरुपयोग गर्दै असम्बन्धित क्षेत्रमा प्रवेश गर्दा त्यसले अनपेक्षित र अस्वाभाविक परिणाम ल्याउन सक्छ। कलाकारितामा सफल व्यक्ति राजनीतिमा सफल बन्न सक्दै नसक्ने होइन, तर राजनीतिलाई नै रङ्गमन्च बनाउने गरि कलाकारहरूको राजनीतिमा धुइरो लाग्न थाल्यो भने त्यसले निम्त्याउनेचाहिँ केवल विपत्ति मात्र हो। आजको युक्रेनको बर्बादी हास्यकलाकारलाई मतदानमार्फत् राज्य जिम्मा लगाएपछि नै सुरु भएको हो।

नेपाली मतदाताले नेपालकै पहिलो आम निर्वाचन (विक्रम सम्वत् २०१५ साल) मा दुईतिहाई बहुमतको भारी नेपाली काङ्ग्रेसलाई बोकाएका थिए। तर डेढ वर्षपछि आफैँले निर्वाचित गरेको सरकारलाई राजाले भङ्ग गरिदिँदा उक्त कदमविरुद्ध सडकमा उत्रने मानिसको संख्या हातको औंला बराबर पनि भएनन्। डेढ वर्षमै नेपाली मतदाताको मत किन त्यसरी बदलिएको थियो भन्ने विषयमा बौद्धिक समुदायले अनुसन्धान गर्न आवश्यक नदेखेका भए पनि काङ्ग्रेस पार्टी स्वयमले त्यसको निर्मम समीक्षा गर्नुपर्ने थियो, गरेनन्। केवल 'राजा महेन्द्रको महत्वाकाङ्क्षी कदम' विशेषण लगाएर उक्त सन्दर्भलाई बुझ्ने/बुझाउने काम हुँदै आएको छ।

राजाको सक्रिय शासन भएकोले पञ्चायतकालमा आम चुनावको खासै अर्थ थिएन, तथापि २०४३ सालमा भएको आम निर्वाचनमा जनपक्षीय शब्दको हेलमेट (सुरक्षा कवच) लगाएर पञ्चायती व्यवस्थाविरोधीले निर्वाचनमा सहभागिता जनाउँदा पनि कतिपय जिल्लाका मतदाताले मत बदलेका थिए। पञ्चायतको अन्त्य भएर संसदीय प्रजातान्त्रिक प्रणालीको अभ्यास भएयता मूलतः दुईपटक अनपेक्षित ढङ्गले मतदाताद्वारा मत बदलेको देखियो - वि सं २०६४ र २०८२ मा। प्रजातान्त्रिक पद्धतिविरुद्ध हिंसात्मक युद्ध गर्ने माओवादीलाई २०६४ मा नेपाली जनताले अनुमोदन गर्ने विश्वास गरिएको थिएन।

हिंसात्मक द्वन्द्वकालमा बास र गाँससमेत नदिने जनताले माओवादीलाई २०६४ मा भारी मतदान गरेर उच्च पुरस्कार दिए। माओवादी फेरि हिंसामा नफर्कियोस् भन्ने सोच राखेर तिनलाई मतदान गर्ने पनि कतिपय भए होलान्, आम मतदाताचाहिँ यति ठूलो विध्वङ्श मच्चाउन सक्ने माओवादीलाई राज्यसत्ता जिम्मा लगाइयो भने देश बनाउन पनि सक्ला भन्ने विश्वासमा रहेको बुझिन्थ्यो। तर दुई दशकसम्म माओवादीको वरिपरि सत्ता घुमिरहँदा देशले समृद्धिको मार्ग तय गर्न त सक्दै सकेन, मुलुक यथास्थितिमा रहन पनि सकेन। अराजकता, भ्रष्टाचार, अनियमितता, बेथिति, भागबण्डावादी संस्कृति, युवा पलायन, बेरोजगारी, अस्थिरता, राष्ट्रिय एकता र सामाजिक सद्भावनामा सङ्कट, देशको सार्वभौमिकता र राष्ट्रियतामा गम्भीर आँच तथा जन असन्तुष्टिको अनियन्त्रित बेग नै विगत दुई दशकको विशेषता हो। देशको समय बर्बाद भएको दशकका रूपमा माओवादी विचरणकाललाई लिइन्छ।

माओवादीलाई अघि सारेर मुलुकमा भित्र्याइएको धर्मनिरपेक्षतासहितको सङ्घीय, जातिवादी समानुपातिक गणतन्त्र असफल भएको ठहर नेपाली जनताले गर्दै थिए, विद्यमान व्यवस्थाको विकल्प खोज्ने चेतनाको बिस्तार हुनै लागेको थियो। त्यसपछि अदृष्य शक्ति आफैँले अर्को चक्रब्यूहको रचना गरिदियो। नीति र व्यवस्था यथावत राखि नेता मात्र बदलेर समाधान (सुख) खोज्ने अवधारणा सामाजिक सञ्जालमार्फत् ब्याप्त बनाइयो। पुराना दल र पुराना नेता नै यो मुलुकमा हरेक दुःखको कारण भएको सन्देश नागरिक तहसम्म पुऱ्याइयो। जनताले चिन्दै नचिनेका, कुनै सुखद पृष्ठभूमि नभएका अराजनीतिक पात्रहरूलाई मूक्तिदाता-भगवानका रूपमा सामाजिक सञ्जालका माध्यमबाट प्रस्तुत गरियो। दसवर्षे विध्वङ्सका नाइके माओवादीलाई राज्य जिम्मा लगाएको ठीक दुई दशकपछि माओवादीको भन्दा खतरनाक विध्वङ्स रचियो र उक्त महाविध्वङ्सका अघोषित नाइकेहरूलाई राज्यसत्ता जिम्मा लगाउन निर्वाचनको नाटक रचेर औपचारिकता दिने कार्य सम्पन्न भएको छ। स्यालहरूले दुःख दियो भनेर ब्वाँसाहरूलाई निम्त्याउने काम भएको छ। २०६२-६४ मा झैँ यसपटक पनि विध्वङ्सकारीको हातमा राज्यसत्ता पुऱ्याउन अन्ततः हामी नेपाली जनता नै प्रयोग भएका छौँ।

जहानियाँ राणा शासनको विकल्प प्रजातन्त्र भएजस्तै, निर्दलीय पञ्चायती व्यवस्थाको विकल्प बहुदलीय संसदीय प्रणाली भएजस्तै धर्मनिरपेक्षतासहितको जातिवादी सङ्घीय गणतन्त्रको विकल्प छ र त्यो विकल्प भनेको 'सनातन बौद्ध किँरात राष्ट्र नेपालको सम्वैधानिक पहिचानसहित अखण्डित सार्वभौमिकता (प्रदेश खारेजी), समानुपातिकतारहित पूर्ण संसदीय प्रणाली, गैरजातिवादी नीति र आलङ्कारिक राजसंस्था रहने' राज्य व्यवस्था हो। तर काङ्ग्रेस-कम्युनिष्टको विकल्प दाबी गर्नेहरूले अहिलेसम्म उल्लिखित कुनै पनि राजनीतिक एजेण्डा ग्रहण गरेका छैनन्। कदाचित यिनले सत्ता प्राप्त गरिसकेपछि उल्लिखित एजेण्डासहितको गन्तब्यमा मुलुकलाई लैजान खोजे भने सम्पूर्ण देशभक्त राष्ट्रवादी नेपालीले यिनलाई साथ/समर्थन दिन हिच्किचाउनु हुँदैन। त्यो अवस्थामा हिजोको हज्जार अपराधलाई पनि क्षमा दिन नेपाली मतदाता तयार हुनुपर्छ। तर कथित वैकल्पिक समूहको उत्पत्ति नेपाली राष्ट्रियताको सुदृढीकरणका निम्ति भएको विश्वास गर्न सकिने कुनै सङ्केत देखिएको छैन।

अहिलेसम्मको अध्ययनले राजासहितको प्रजातन्त्र विस्थापन गराउने अदृष्य शक्ति (deep state) नै पुराना राजनीतिक दलहरूलाई ओझेल पारिदिने रणनीतिक गन्तव्यमा सक्रिय रहेको देखाउँछ। नेतामात्र बदलेर नीति (व्यवस्था) यथावत राख्ने या नीति बदल्नै परेपनि अझै आफ्नो अनुकुलताको निम्ति बदल्ने पक्षमा अदृष्य शक्ति रहेका छन्। उनीहरूले चाहेको प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख र जातियतामा आधारित पूर्ण समानुपातिक व्यवस्था हो। अनेकौं आकारप्रकारका नेता र समूहलाई विश्वासमा लिएर काम गराउन मुस्किल परिरहेको हुँदा बाह्यशक्तिलाई एकै व्यक्ति सर्वशक्तिमान रहने अवस्था-व्यवस्थाको आवश्यकता पर्न गएको छ। त्यस्तै नेपाली समाजको एकता, परस्पर विश्वास र प्रेम एवम् सम्मान भङ्ग गरेर स्थायी प्रतिस्पर्धीका रूपमा नेपालीलाई राख्न पूर्ण समानुपातिक प्रणाली तिनलाई चाहिएको छ। डीप स्टेट अर्थात् अदृष्य शक्ति अर्थात् बाह्यशक्तिमा सबैभन्दा ठूलो त्रास कुनै कुराको छ भने त्यो 'नेपालीको एकता' हो। देशभक्त राष्ट्रवादी नेपालीलाई डीपस्टेटवालाहरू आफ्नो मुख्य शत्रु ठान्छन् र देशभक्तहरूको हातमा राज्यसत्ताको स्वामित्व नपुगोस् भनेर उनीहरू सदैव सचेत रहेका हुन्छन्। पछिल्लो चुनावी परिणामले अदृष्यशक्तिलाई असीमित खुशी र उत्साह पैदा गरिदिएको बुझ्न सकिन्छ। आँखा खोलेर मतदान नगर्दा देशको अस्तित्वमै सङ्कट आउनसक्छ भन्ने सन्देश प्रवाह हुँदाहुँदै पनि युक्रेनी मतदाताले झैँ दुबै आँखा पुरै बन्द गरेर नेपाली मतदाताले मतदान गरिदिए।

पुराना दल र नेतृत्वप्रतिको चरम असन्तुष्टिका कारणले होस् या नयाँ अनुहारलाई प्रयोग गरेर हेर्ने चाहनाबाट अभिप्रेरित भएर होस् - नेपाली मतदाताको रोजाइमा यसपटक 'एलियन'हरू परेका छन्। यिनलाई अदृष्य शक्तिले उत्तरी छिमेकी मित्रराष्ट्रसँग दुरीको व्यवहार गर्न/गराउन या एसपीपी जस्ता सम्झौता गरेर बाह्य देशको सैन्य शिविर स्थापना गर्न या दलाइ लामाहरूको गतिविधिलाई उच्च गति दिनकै लागि सत्ताको मालिक बनाइएको हो भनेपनि केही लोकप्रिय कदम चाल्नुपर्ने जनदबाब नयाँ सरकारमाथि मतको भारले पैदा गरिदिएको छ। त्यसैले बालेन्द्रको नेतृत्वमा गठन हुने सरकारले एसपीपी सम्झौतालगायतका राष्ट्रद्रोही काम गर्नुअघि केही अत्यन्त लोकप्रिय निर्णयहरू लिइन सम्भव छ। चामत्कारिक ढङ्गले विजयी बनाइएको दलका सभापतिबाट भन्दा बालेन्द्रबाट सुशासन र भ्रष्टाचार नियन्त्रणका पक्षमा प्रभावकारी कार्य हुनसक्ने आम विश्वास छ। बालेन्द्रका लोकप्रिय कदमहरूको समर्थनमा जनमत वृद्धि हुँदै जाँदा त्यसले पार्टीको अर्को पक्षमा छटपटी बढाउने निश्चित छ र बालेन्द्रका निम्ति पहिलो चुनौती उनको आफ्नै पार्टी बन्नेछ। एसपीपी सम्झौता उनको अर्को त्यस्तो चुनौती हुनेछ जुन सम्पन्न हुँदा नेपाली जनता आन्दोलित हुनेछन् र नहुँदा बाह्यशक्ति नै कठोर चुनौतीका रूपमा देखापर्ने छन्।

देश कसैको स्वार्थका निम्ति रणनीतिक युद्धस्थल नबनोस् र नेपाली जनताले आत्मसम्मान र स्वाभिमानका साथ शान्तिपूर्ण जीवन बाँच्न पाउन् भन्ने हामी सबैको चाहना थियो र छ। तर मतदाताको विवेकीय निर्णय हुन सकेन, साउदी अरब, बहराइन, युएई, कुवेत, ओमान र युक्रेनका जनताले झैँ अर्काको निम्ति देश जोखिम र त्रासमा रहनुपर्ने चिन्ता थपिएको छ। देशको पक्षका सन्देश र चाहनालाई उपेक्षा गरेर नेपाली मतदाता यतिबेला औधी खुशी भएका छन्, त्यसैले यतिबेला महान् नेपाली दार्शनिक रूपचन्द्र विष्टको स्मरण धेरै देशभक्त नेपालीलाई भइरहेको हुनुपर्छ। उहाँले भन्नुभएको थियो- 'नेपाली जनतालाई नकारात्मकता र झुठ मात्र मन पर्दोरहेछ, सत्य जतिपटक भनेपनि ग्रहण नगर्ने तर झुठो र नकारात्मक कुरा पायो भने धुमधामसङ्ग बोकेर फैलाउन जहिले पनि तयार हुने रहेछन्। त्यसैले मैले पुरै जीवन जनजागरणमा खर्चिएर पनि यिनलाई जगाउन सकिनँ।'

नेपाली मतदाताले मत त बदले, तर विवेकले होइन आवेगले, सोचेर होइन घोचेर। यही मत युक्रेन र अरब मुलुकमा झैँ युद्ध आमन्त्रणको आधार/कारण नबनोस्! देशको थप समय बर्बाद नहोस्!

सबैमा सद्बुद्धि र राष्ट्रिय भाव पैदा होस्, जय मातृभूमि!

घटना र विचारबाट

# अनारका १५ फाइदा

अनार स्वास्थ्यका दृष्टीले निकै लाभदायक फल मानिन्छ। अनार यौन समस्या, मुटु रोगदेखि क्यान्सरका लागि समेत राम्रो मानिन्छ।

**यस्ता छन् अनारका फाइदा :**

**धमनीको रक्षा :**

अनारले शरिरमा कोलेस्ट्रको मात्रा घटाउँछ, मुटुका धमनीलाई बलियो र लचिलो बनाउँछ।

**पखला निको पार्छ :**

ताजा अनारले पखला लागेका र रगतमासी भएका बिरामीलाई तुरुन्तै राहत दिन्छ।

**किड्नी जोगाउँछ :**

अनारले किड्नीको फिल्टरलाई रक्षा गर्छ। फिल्टरले शरीरबाट हानिकार विकार फाल्ने काम गर्छ।

**गर्भवती महिलालाई फाइदा :**

अनारमा हुने भिटामिन, खनिजले समय नपुगी बच्चा जन्मने खतराबाट बचाउने तथा बच्चाको तौल बढाउन मद्दत गर्छ। अनारमा हुने पोटासियमले गर्भवती महिलालाई मर्निङ सिकनेसबाट बचाउँछ।

**कोलेस्टोल घटाउँछ :**

अनार एन्टिअक्सिडियन्टयुक्त फल हो। यसले शरीरको खराब कोलेस्टेरोल घटाउन सहयोग गर्छ।

**क्यान्सर विरोधी :**

अनारमा हुने तत्व क्यान्सर प्रतिरोधी मानिन्छ।

**उच्च रक्तचाप नियन्त्रण गर्छ :**

अनारले रक्त नलीमा हुने सम्भावित हानीबाट जोगाउँछ। रगतलाई पातलो बनाई शरीरभर रगतको प्रवाह छरितो बनाउँछ।

**रोग प्रतिरोधात्मक क्षमता वृद्धि गर्छ :**

यसमा हुने एन्टिव्याक्टेरियल र एन्टि माइक्रोबायल गुणले भाइरसविरुद्ध लड्न सक्ने र रोग प्रतिरोधात्मक क्षमता वृद्धि गर्छ। यसमा हुने भिटामिन सीले भाइरसका कारण शरीरमा हुने संक्रमणविरुद्ध जुध्न सहयोग गर्छ।

**रक्त अल्पताबाट जोगाउँछ :**

अनारको जुसमा प्रशस्त मात्रामा आइरन हुन्छ। मासिकधर्म वा गर्भवती अवस्थामा रक्तअल्पमा यसको जुस निकै लाभदायक मानिन्छ।

**शरीरलाई शान्त बनाउँछ :**

अनारमा शारीरिक उत्तेजनलाई शान्त पार्ने तत्व हुन्छ। यसको यही गुणका कारण अनारले दम, पायल्स, पखला र अन्य रोगबाट बचाउँछ।

**कलेजोलाई फाइदा :**

अनारको जुसले कलेजको रक्षा मात्रा गर्दैन बरु मदिरा वा अन्य पर्दाथले कलेजोमा कुनै प्रकारको हानी गरेमा उपचारको काम पनि गर्छ। कलेजोलाई प्रभावकारी ढंगले कार्य गर्न सहयोग गर्छ।

**पेटलाई शान्त पार्छ :**

अनारको जुसले भोक बढाउँछ, तिर्खा नियन्त्रण गर्छ, पाचन प्रणालीलाई सुधार गर्छ र कब्जियतको समस्या हटाउँछ।

**छालालाई पनि फाइदा :**

च्याउरी, आँखा मुनि आउने कालो धब्बा, पिम्पल लगायतका समस्या बाट बचाँउछ।

**कपालको रक्षा :**

नियमित रुपमा अनार खाँदा कपाललाई बलियो बनाउँछ र झर्नबाट बचाउँछ।

**यौन स्वास्थ्य मजबुत पार्छ :**

अनारको जुसले यौन स्वास्थ्यलाई सक्रिय बनाउन मद्दत गर्छ।

**नोटः** स्वस्थ रहन अनार खानुको साथै शारीरिक व्यायाम नियमित गर्नुपर्छ। यसका साथै नियमित स्वास्थ्य जाँच पनि गर्नुपर्छ।

# दोस्रो चौमासिकसम्म परिवर्तन गाउँपालिकाको खर्च २९.०६ प्रतिशत



**नवीन लोचनमगर**
*रोल्पा*

रोल्पाको परिवर्तन गाउँपालिकाले आर्थिक वर्ष २०८२/०८३ को दोस्रो चौमासिक सार्वजनिक सुनुवाई सम्पन्न गरेको छ। गाउँपालिका अन्तर्गतका सबै वडामा क्रमशः सार्वजनिक सुनुवाई गर्ने कार्यपालिकाको निर्णयअनुसार वडा नं. ३ को थुनिकोटमा चालु आर्थिक वर्षको गतिविधिबारे सुनुवाइ गरिएको हो।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत निमबहादुर केसीले चालु आर्थिक वर्षको दोस्रो चौमासिकसम्म भएको खर्च विवरण प्रस्तुत गरे। ५१ करोड ६६ लाख ८ हजार ३१९ रुपैयाँ जम्मा बजेटमध्ये १५ करोड ३० लाख ८२ हजार ७६१ रुपैयाँ अर्थात् २९.०६ प्रतिशत खर्च भएको विवरण प्रस्तुत गरे।

जसमा चालुतर्फ १३ करोड ७९ लाख ९ हजार ९२९ खर्च भएको छ भने पुँजीगततर्फ १ करोड ५ लाख ८३ हजार ४६५ रुपैयाँ खर्च भएको कार्यक्रममा प्रस्तुत गरिएको छ।

सार्वजनिक सुनुवाइमा स्थानीयले दोस्रो चौमासिकसम्म पनि खर्च अनुपात निकै कम रहेको टिप्पणी गर्दै परम्परागत 'असारे विकास'लाई रोक्नुपर्ने सुझाव दिएका थिए। 'चालु आर्थिक वर्षमा ३० प्रतिशत भन्दा धेरै खर्च नभएको देखियो, यो त्यति राम्रो होइन' स्थानीय शिक्षक सूर्यप्रकाश डाँगीले भने-'आर्थिक वर्षको अन्तिमतिर मात्र खर्च बढाउने परम्परालाई तोड्नुपर्छ, यसतर्फ गाउँपालिका चनाखो बनोस्।' उनले शिक्षकलाई समयमै तलब खुवाउने वातावरण बनाउनुपर्ने माग गरे। अर्का शिक्षक मिनबहादुर डाँगीले तलब सम्बन्धित शिक्षकको खातामा जाने व्यवस्था गर्न सुझाव दिए।

त्यस्तै स्थानीय ज्योतीप्रकाश चन्दले कृषकलाई समयमै मल, बिउ उपलब्ध गराउनुपर्ने बताए। विषादी नहुँदा कृषि उत्पादकत्व वृद्धि हुन नसकेको भन्दै स्थानीय भिमबहादुर केसीले कृषकले उत्पादन गरिरहेका कृषि उपजहरु रोग किराका कारण क्षतिग्रस्त रहेको बताउँदै गाउँपालिकाको कृषि शाखाले विषादीको व्यवस्था गर्नुपर्नेमा जोड दिए।

सार्वजनिक सुनुवाइमा सहभागी राजेन्द्र डाँगीले गाउँपालिकाको जेसीबी आवश्यकताका आधारमा सबै वडामा पुऱ्याउनुपर्ने बताए। वडाको सर्पलोटे क्षेत्रमा अहिलेसम्म जेसीबी नपुगेको बताउँदै सडक सुधारका निम्ति गाउँपालिका अझै चनाखो बन्नुपर्ने बताए।

उनले टोलस्तरबाट छनोट भएर जाने योजनाहरु गाउँपालिकाको बजेटमा नसमेटिएको गुनासो गरे। ग्रामीण भेगका कच्ची सडकहरु निकै जोखिमपूर्ण रहेको र धेरैजसो घुम्तीहरु साँघुरो रहेकाले निर्माण व्यवसायीलाई मापदण्डअनुसार काम गराउनुपर्ने स्थानीय भिमसेन थापाले माग गरे।

गाउँपालिकाको समग्र कामलाई व्यवस्थित गर्न हरेक नागरिकको भूमिका हुने बताउँदै स्थानीय युवा खुमबहादुर रिजालले खोलाका तटीयक्षेत्रमा भौतिक पूर्वाधार निर्माणमा रोक लगाउनुपर्ने बताए। उनले पालिकाका सार्वजनिक जग्गाहरुमा व्यक्तिहरुले व्यवसाय गरिरहेको बताउँदै त्यस्ता प्रयोजनलाई रोक्ने वा नियमन गर्नुपर्ने उनको भनाइ थियो।

स्थानीयको जिज्ञासालाई गाउँपालिकाका विषयगत शाखा प्रमुख, प्रमुख प्रशासकीय अधिकृत र गाउँपालिका अध्यक्षले सम्बोधन गरेका थिए। शिक्षा शाखा प्रमुख बालराम वलीले गाउँपालिकाको शैक्षिक गुणस्तर सुधारका लागि शिक्षामैत्री वातावरण निर्माण गरेको बताए।

कृषि शाखा प्रमुख भिमकुमारी बुढाले मलका लागि छनोट भएको सहकारीले बेवास्ता गरेका कारण समयमा पुऱ्याउन नसकेको स्वीकार गरिन्। सार्वजनिक सुनुवाइ उठेका समग्र विषयलाई सम्बोधन गर्दै गाउँपालिका अध्यक्ष सुकबहादुर बुढाले विद्यालयकै ढिलासुस्तीका कारण कहिलेकाँही तलब त्रैमासिकरुपमा पुग्न नसकेको बताए।

उनले शिक्षक ऐन पारित गरेर नियमावली बनाउने चरणमा रहेको र त्यसपछि शिक्षा क्षेत्रको समग्र समस्या व्यवस्थापन हुने जानकारी दिए। विद्यालय समायोजनका कुरामा केही छलफल चलाइए पनि विद्यालयकै अटेरीका कारण समायोजनको कुरा अगाडि बढ्न नसकेको बताए।

कृषि क्षेत्रमा हालसम्म उत्पादनमै जोड दिए पनि अहिले उत्पादन व्यापक भएको र त्यसको बजारिकरण र मूल्य समायोजनमा केही समस्या देखिएको अध्यक्ष बुढाले जनाए। मूल्य समायोजनको काम सकिएको र बजारिकरणको समस्यालाई न्यूनीकरण गर्न पहल भइरहेको उनको भनाइ छ। गाउँपालिकाले चिस्यान केन्द्र स्थापनाका लागि पनि काम गरिरहेको उनले बताए।

# मानवसेवा आश्रमका आश्रितलाई भोजन




बुटवल। बुटवलको सुख्खानगरस्थित मानव सेवा आश्रममा जागरुक बचत तथा ऋण सहकारी संस्थाले आफ्नो १८औँ स्थापना दिवसका अवसरमा आश्रममा आश्रित व्यक्तिहरूलाई भोजन गराउने कार्यक्रम सम्पन्न गरेको छ। सामाजिक उत्तरदायित्वलाई प्राथमिकता दिँदै सहकारीले आश्रममा रहेका ५५ जना आश्रितलाई भोजन गराएको हो।

कार्यक्रममा सहकारीका अध्यक्ष हिमलाल भट्टराईले स्थापना दिवसलाई केवल औपचारिक कार्यक्रमका रूपमा मात्र सीमित नराखी समाजसँग जोडिने कार्यमार्फत मनाउनुपर्ने बताए। उनले सहकारीको उद्देश्य आर्थिक कारोबारसँगै सामाजिक सेवामा पनि सक्रिय रहने रहेको उल्लेख गर्दै भविष्यमा पनि यस्ता मानवीय कार्यलाई निरन्तरता दिने प्रतिबद्धता जनाए।

निवर्तमान अध्यक्ष लक्ष्मण बस्यालले सहकारी संस्थाहरूले समुदायसँग प्रत्यक्ष सम्बन्ध राखेर सामाजिक उत्तरदायित्व निर्वाह गर्नुपर्ने बताए। उनले मानव सेवा आश्रममा आश्रित व्यक्तिहरूसँग समय बिताउन पाउँदा सहकारी परिवारलाई विशेष सन्तोष मिलेको उल्लेख गरे।

सहकारीका सचिव कृष्ण पोखेलले सहकारीले विगतदेखि नै सामाजिक कार्यलाई प्राथमिकतामा राख्दै विभिन्न कार्यक्रम गर्दै आएको जानकारी दिए।

उनले स्थापना दिवसको अवसरमा मानव सेवा आश्रममा गरिएको भोजन कार्यक्रमले सहकार्य र मानवताको सन्देश दिएको बताए।

कार्यक्रम संयोजक थानेश्वर अर्यालले सहकारीका सदस्य र पदाधिकारीको सक्रिय सहभागिताले कार्यक्रम सफल भएको जनाए। उनले यस्ता कार्यक्रमले सहकारीलाई समाजसँग अझ नजिक बनाउने विश्वास व्यक्त गरे।

मानवसेवा आश्रम बुटवलका संयोजक शेरबहादुर गौतमले सहकारी संस्थाले आश्रममा आश्रित व्यक्तिहरूलाई सहयोग पुऱ्याएकोमा धन्यवाद व्यक्त गर्दै यस्ता सहयोगले आश्रमका बासिन्दालाई ठूलो हौसला मिल्ने बताए। आश्रमकी सहसंयोजक रिता थापाले यस्ता कामले पुण्य प्राप्त हुने बताइन्।

सहकारीले स्थापना दिवसको अवसरमा शुक्रबार खुला रक्तदान कार्यक्रम समेत गरेको थियो। सहकारीका अनुसार सामाजिक सेवामूलक गतिविधिमार्फत् समाजमा सकारात्मक सन्देश फैलाउने उद्देश्यले यस्ता कार्यक्रम निरन्तर सञ्चालन गरिनेछ।

## विशेष दर्ता खारेजी सम्बन्धमा ३० दिने सूचना

लुम्बिनी सांस्कृतिक नगरपालिका-१०, रुपन्देही स्थित अवकाश एकेडेमी एण्ड रिसर्च सेन्टर प्रा.लि. (दर्ता नं. १४४४०७) ले कम्पनीको दर्ता खारेज गरी पाउँ भनी निवेदन दिएको हुँदा उक्त कम्पनीसँग कुनै किसिमको लेनदेन, ऋण वा दायित्व रहेको व्यक्ति वा संस्थाले प्रमाणसहित ३० दिनभित्र कम्पनी रजिस्ट्रारको कार्यालयमा दाबी गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।
तोकिएको म्यादभित्र कसैको दाबी नपरेमा प्रचलित कानूनबमोजिम उक्त कम्पनीको दर्ता खारेज गरिने व्यहोरा समेत जानकारी गराइन्छ।

**कम्पनी रजिस्ट्रारको कार्यालय**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**त्रिपुरेश्वर, काठमाडौं**

## गोलिया काठ बोलपत्रद्धारा लिलाम विक्रिको सुचना

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८२/१२/०३

श्री आदर्श सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा लट बनाई राखिएको सिसौ/कर्मा जातको जम्मा गोलिया थान ९३२ को ४५५५.६५ घनफिट काठ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी गोप्य शिलवन्दी लिलाम बढाबढ प्रकृया द्वारा विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र बोलपत्र खरिद गरी १६ औं दिन कार्यालय समय भित्र शिलबन्दि बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यसं सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री आदर्श सामुदायिक वन उपभोक्ता समूह**
**सुनवल न.पा. वडा नं. ४, नवलपरासी (ब.सु.प.)**

## गोलिया काठ बोलपत्रद्धारा लिलाम विक्रिको सुचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०८२/१२/०३)

महलपोखरी सामुदायिक वन उपभोक्ता समूहको वनबाट उत्पादन भई समूहको घाटगद्दीमा लट बनाई राखिएको साल जातको गोलिया थान २२० को १७१०.५३ घनफिट,असना ७५ थान १००४.२७ घनफिट, सिसौ ३३ थान १२६.९९ घनफिट, कर्मा २० थान २३०.९४ घनफिट, जगिट ४८ थान ३८८ घनफिट, श्रीस ७७ थान ८१३.७२ घनफिट, खयर ९ थान १६.५२ घनफिट, अन्य ३३ थान १८२.३५ घनफिट काठ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी गोप्य शिलवन्दी लिलाम बढाबढ प्रकृयाद्वारा विक्री गर्नु पर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। ईच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिन कार्यालय समय भित्र शिलबन्दि बोलपत्र दाखिला गर्न आह्वान गरिन्छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिनेछ। पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री मलपोखरी सामुदायिक वन उपभोक्ता समूह**
**सुनवल न.पा. वडा नं. १ र ४, नवलपरासी (ब.सु.प.)**

**श्रेष्ठको...**

संसद् सचिवालयका प्रवक्ता सहसचिव एकराम गिरीले हालसम्म रिक्त सदस्य मनोनयन सम्बन्धी कुनै पत्र नआएको बताए।

मन्त्रिपरिषद् सचिवालयका प्रवक्ता सहसचिव हेमराज अर्यालले बैठकका निर्णयहरू सम्बन्धित निकायहरूमा लेखेर पठाउने जिम्मेवारी बैठक महाशाखाको हुने भन्दै आफूलाई यकिन जानकारी नभएको बताए। उक्त महाशाखाका विष्णु घिमिरेले यकिन जानकारी दिएनन्। भने, 'जानुपर्ने त हो...।' तर, त्यहाँबाट पत्र गएकै भए पनि राष्ट्रपति कार्यालय नपुगेको स्रोतले जनाएको छ। त्यहाँ कम्तीमा अपराह्न ४ बजेसम्म त्यस्तो पत्र पुगेको छैन। 'पत्र आयो भने यहाँबाट रोक्नुपर्ने कुनै कारण छैन, स्वयं सम्माननीय राष्ट्रपतिज्यूबाट त्यस्ता पत्रहरू आएमा तत्काल फर्स्यौट गर्ने निर्देशन छ।'-स्रोतले भन्यो।

राष्ट्रपति कार्यालयबाट मनोनयन गरिएको पत्र नआई संसद् सचिवालयले शपथ गराउन सक्दैन। किनभने, मन्त्रिपरिषद्ले सिफारिस मात्रै गर्ने हो, मनोनयन गर्ने अधिकार राष्ट्रपतिसँग मात्रै हुन्छ। संसद् सचिवालयका प्रवक्ता गिरी भन्छन्, 'सम्बन्धित निकायबाट पत्र आयो भने हामी ढिलो नगरी शपथ समारोहको आयोजना गरिहाल्छौं।'

सामान्य अवस्थाका निर्णयहरू हुनासाथ सम्बन्धित निकायमा पत्राचारसहित कार्यान्वयनमा जान्थ्यो। तर, राष्ट्रियसभा जस्तो महत्त्वपूर्ण तथा बहुचर्चित विषय अहिलेसम्म कार्यान्वयनको चरणमा नपुग्नु आश्चर्यको विषय भएको संसद् सचिवालयका एक अधिकारी बताउँछन्। त्यसमाथि वर्तमान सरकार मङ्गलवार वा बुधवारसम्म स्वतः बहिर्गमनको तयारीमा छ।

निर्वाचन आयोगले प्रतिनिधिसभा सदस्य निर्वाचनको परिणामसम्बन्धी प्रतिवेदन राष्ट्रपतिलाई बुझाएपछि नवनिर्वाचित सदस्यको शपथ हुन्छ। त्यस लगत्तै सरकार स्वतः वहिर्गमित हुन्छ र नयाँ सरकार गठन हुन्छ।

**रुपन्देहीबाट...**

उनी विगतमा मेडिकल कलेजमा अध्यापनसमेत गरिसकेकी छिन् र सामाजिक काम तथा गरिब-विपन्नलाई सहयोग गर्ने कार्यमा सक्रिय छिन्। लामो समयदेखि राजनीति, नेतृत्व र नीतिबारे अध्ययन गर्दै आएकी उनले रुपन्देही क्षेत्र नं. ३ को उप-निर्वाचनमा उम्मेदवार बन्ने इच्छा व्यक्त गरेकी थिइन्। तर यो पटक समानुपातिकमा आफ्नो स्थान सुरक्षित गरेकी हुन्।

**सहकारीदेखि संसदसम्मः ज्ञानु पौडेलको यात्रा**

ज्ञानु पौडेल सहकारी अभियानबाट सामाजिक सेवामा लागेर राष्ट्रिय राजनीतिसम्म पुगेकी सक्रिय महिला व्यक्तित्व हुन्। रास्वपाको सक्रियातासँगै उनी पार्टीमा निकै क्रियाशिल रहेकी थिइन्। ०८० मा रुपन्देही ३ को उप-निर्वाचनमा पनि उम्मेदवार हुन तयारी गरे पनि उनी सफल भएकी थिइनन्।

जनउत्थान बचत तथा ऋण सहकारी संस्था लिमिटेडमा लामो समय काम गर्दै निवर्तमान अध्यक्षसमेत रहेकी उनले सहकारीमार्फत् समुदायमा बचत, ऋण र विकासका काम गर्दै नागरिकसँग नजिकको सम्बन्ध बनाइन्। सामाजिक सेवाबाट प्रेरित भई राजनीतिमा सक्रिय बनेकी उनी जनताको विश्वासका कारण रुपन्देही क्षेत्र नं. ३ बाट समानुपातिक सांसदका रूपमा संसदसम्म पुग्न सफल भएकी छिन्। सहकारीदेखि संसदसम्मको उनको यात्रा धेरैका लागि प्रेरणादायी मानिन्छ।

**सामाजिक अभियानबाट राष्ट्रिय राजनीतितर्फ श्रद्धा कुँवर**

नेकपा एमालेनिकट युवासंघको केन्द्रीय सदस्य त्यागेर रास्वपाको राजनीतिमा होमिएकी श्रद्धा कुँवर सामाजिक अभियन्ता र राजनीतिमा सक्रिय व्यक्तित्व हुन्। १६ वर्षको उमेरदेखि विभिन्न सामाजिक संघ-संस्थामा नेतृत्वदायी भूमिका निभाउँदै आएकी उनी लायन्स इन्टरनेशनलअन्तर्गत पहिलो महिला जिल्ला परिषद् अध्यक्ष पनि बनेकी छन्।

उनी परी नेपाल फाउन्डेशनकी संयोजकका रूपमा महिला तथा बालबालिकाको क्षेत्रमा सक्रिय रूपमा काम गर्दै आएकी छन्। साथै उनी आत्मरक्षा तथा गुड टच ब्याडटचसम्बन्धी प्रमाणित प्रशिक्षक पनि हुन्। लामो समयदेखि राष्ट्रिय राजनीतिमा सहकार्य गर्दै अनुभव हासिल गरेकी उनी हाल राष्ट्रिय स्वतन्त्र पार्टीको अभियानमा विभिन्न क्षेत्रमा पुगेर सक्रिय भूमिका निर्वाह गरिरहेकी छन्। संगठन नै नभएको क्षेत्र रुपन्देही १ मा रास्वपा जिताएको भन्दै उनको प्रशंसा समेत हुने गरेको छ।

**व्यवसायीहरू मञ्जु भुसाल र अमृता विक पनि सांसद**

व्यवसायिक पृष्ठभूमिका मञ्जु भुसाल र अमृता बिक पनि संसद छिर्दैछन्। मञ्जु निर्माण व्यवसायी संघ रुपन्देही अध्यक्ष समेत हुन्।

## लिलाम बिक्री सम्बन्धी शिलबन्दि बोलपत्र आव्हानको सूचना

(दोस्रो पटक सुचना प्रकाशित मिति : २०८२/१२/०३ गते)

यस कृषि सामग्री कम्पनी लिमिटेड प्रादेशिक कार्यालय भैरहवाको मौज्दातमा रहेको गहुँखाद्यान्न जे-जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्न देहाय बमोजिमका शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र आव्हान गरिएकोले गोप्य शिलबन्दी बोलपत्र पेश गर्न सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

**१. गहुँ–खाद्यान्न — ६३.६५० मेट्रिक टन**

**शर्तहरु :**

१. कार्यालय बाट रु.१,०००।-(फिर्ता नहुने गरि) तिरी सूचना प्रकाशित भएको मितिले ७ औं दिन (२०८२।१२।०९)गते दिनको १२.०० बजे भित्र बोलपत्र फारम खरिद गर्न सकिनेछ।
२. खरिद गरेको बोलपत्र फारम शिलबन्दि गरि सोही दिनको अपरान्ह १:०० बजे भित्र दर्ता गर्नुपर्नेछ। नियमानुसार पर्न आएका शिलबन्दि बोलपत्रहरु लाई सोही दिनको २:०० बजे कार्यालयका प्रतिनिधिहरु र बोलपत्र दाता वा निजको प्रतिनिधि हरुको रोहबरमा खोलिने छ। बोलपत्र दाता वा निजको प्रतिनिधिको उपस्थित नभएमा पनि बोलपत्र खोल्नमा कुनै बाधा पर्ने छैन।
३. बोलपत्रदाताले आफुले कबोल गरेको अंकको ५ प्रतिशतले हुने धरौटी बापतको रकम यस कार्यालयको नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड भैरहवा स्थित खाता नं.०१००१०३००००८३९ मा जम्मा गरेको सक्कलै बैंक भौचर बोलपत्र फारम साथ पेश गर्नु पर्ने छ।
४. बोलपत्र दाताले रित पूर्वक सहि छाप एवम् शिलबन्दी गरी यस कार्यालयमा आफैं आई शिलबन्दी बोलपत्र दर्ता गराउनु पर्नेछ।
५. बोलपत्रदाताले आफुले खरिद गर्न चाहेको गहु, खाद्यान्न गोप्य शिलबन्दी बोलपत्र फारममा आफुले कबोल गरेको दर रेट अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ। केरमेट भएमा अक्षरलाई मान्यता दिईनेछ।
६. बोलपत्रदाताले फर्म,कम्पनी वा संस्थाको हकमा दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी र व्यक्ती भएमा नागरिकताको प्रतिलिपी अनिवार्य रुपले पेश गर्नु पर्नेछ।
७. बोलपत्रदाताले बोलपत्र स्वीकृत भएको जानकारी पाएको ७ औं दिन भित्र कबोल गरेको कुल रकम यस कार्यालयमा जम्मा गरी बील कटाई सम्पूर्ण सामान उठाई लैजानु पर्नेछ। निर्धारित समय भित्रमा सामान उठाई नलगेमा निजले राखेको धरौटी बापतको रकम जफत गरी नियमानुसार गरिनेछ।
८. बोलपत्र स्विकृती भए पछि आफुले सकार गरेको सामान यस कार्यालयको गोदामबाट उठाई लैजान लाग्ने सम्पूर्ण खर्च र कस्ती गर्ने बोरा समेत स्वयमूले नै व्यहोर्नु पर्नेछ।
९. रित नपुगेका वा म्याद नाघि आएको बोलपत्र उपर कुनै कार्यवाही हुने छैन।
१०. प्राप्त भएको बोलपत्र स्वीकृत गर्ने/नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहने छ।
११. बोलपत्र खरिद र खोल्ने दिन सार्वजानिक बिदा परेमा सोको भोलिपल्ट उक्त कार्य गरिने छ।
१२. यस सम्बन्धि अन्य कुराहरु प्रचलित कानुन र ऐन नियमानुसार हुनेछ। अन्य आवश्यक कुरा बुझ्नु पर्ने भएमा वा लिलाम हुने सामानको नमुना हेर्नु परेमा यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिने छ।

**कृषि सामग्री कम्पनी लिमिटेड**
**प्रादेशिक कार्यालय, भैरहवा, फोन नं.०७१-५७०१४०**

**लुम्बिनी प्रदेश सरकार**
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य निर्देशनालय**
**गुल्मी अस्पताल**

## सेवा करार पदपूर्ती सम्बन्धी सूचना

प्रथम पटक सूचना प्रकाशित मिति : २०८२।१२।०३

यस गुल्मी अस्पताल, तम्घासको लागि तपशिल बमोजिमको पदमा सेवा करारमा लिनुपर्नेभएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको १५ (पन्ध्र) दिन भित्र रितपूर्वक दरखास्त पेश गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। रीत नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन।

**तपसिलः**

| क्र.सं | बिज्ञापन नं. | पद | तह | माग संख्या | न्यूनतम् शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ११-०८२/०८३ | अ.न.मी | चौथो | केही | मान्यता प्राप्त शिक्षणसंस्थाबाट अ.न.मी.कोर्ष उत्तीर्ण गरि सम्बन्धित काउन्सिलमा दर्ता तथा नविकरण भएको। | विकास समिति |
| २ | १२-०८२/०८३ | स्टाफ नर्स | पाचौं | केही | केही मान्यता प्राप्त शिक्षणसंस्थाबाट स्टाफ नर्स उत्तीर्ण गरि सम्बन्धित काउन्सिलमा दर्ता तथा नविकरण भएको। | कार्यक्रम करार |

बिस्तृत जानकारी तथा द्रटव्यको लागिः गुल्मी अस्पतालको सूचना पाटी तथा गुल्मी अस्पतालको वेवसाइट https://gulmihospital.lumbini.gov.npमा हेर्न सक्नुहुनेछ।

**सैनामैना नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**वुद्धनगर, रुपन्देही**

## दरभाउपत्र स्वीकृती सम्वन्धी सुचना

(प्रकाशित मितिः २०८२/१२/०३)

यस कार्यालयबाट राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सुचना अनुसार रितपुर्वक पर्न आएका दरभाउपत्र मध्ये तपसिल ठेक्का नम्बर र दरभाउपत्रदाताको दरभाउपत्र न्युनतम मुल्यांकित सारभुत रुपमा प्रभावग्राही भएकोले तपसिल बमोजिमको दरभाउपत्र यस कार्यालयको निर्णयानुसार स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिक खरीद ऐन तथा नियमावलीको प्रयोजनार्थ सम्बन्धित सबैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**तपशिलः**

| ठेक्का नम्वर | दरभाउपत्र दाताको नाम | आयोजनाको नाम | कबोल अंक (मु.अ. कर सहित) |
|---|---|---|---|
| SQ/07/082-83 | श्री भोलेबाबा निर्माण सेवा सैनामैना प्रा.लि, गैडहवा-०७ | Buildings Works of BuddhanagarAamaSamuha Community Building at Ward No. 5 | ९,२२,१३७.७० |
| SQ/09/082-83 | श्री भोलेबाबा निर्माण सेवा सैनामैना प्रा.लि, गैडहवा-०७ | Construction of Black Topped Road at Om Shanti Path | ११,५६,७५४.८७ |
| SQ/10/082-83 | श्री टु. ए. कन्सट्रक्सन प्रा.लि, सैनामैना-०७ | Construction of Ganesh Temple at Ward No. 4 | १४,०१,९००.९६ |

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफेटी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

दैनिक लुम्बिनी




हत्याविरुद्ध खबरदारी र्‍याली:

*सुर्खेतकी १६ वर्षीया इनिशा विकको बलात्कारपछि भएको हत्याविरुद्ध न्याय माग्दै सोमबार बुटवलमा विरोध प्रदर्शन गरिएको छ । जेन-जेड रूपन्देहीको आयोजनामा बुटवलको पुष्पलाल पार्कमा आयोजित प्रदर्शनमा सहभागीहरूले 'इनिशा विकलाई न्याय दे', 'बलात्कारीलाई फाँसी दे', 'पीडितलाई न्याय दे, दोषीलाई कारबाही गर', 'न्याय बिना शान्ति हुँदैन', 'पितृसत्ता मुर्दावाद" लगायतका नारा लेखिएका प्लेकार्ड प्रदर्शन गर्दै । तस्विर: भोजेन्द्र नेपाली*

# एन्फाको चुनाव चैत १३ गते हुने

बुटवल । अखिल नेपाल फुटबल संघ (एन्फा) को निर्वाचन चैत १३ गते हुने भएको छ । पटक-पटक निर्वाचनको मिति तोक्दै स्थगित हुँदै आएको एन्फाको निर्वाचनका लागि शनिबार अन्तिम मतदाता नामाबली सार्वजनिक भएको छ ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) को निर्देशनलाई बेवास्ता गर्दै निर्वाचन समितिले शनिबार अन्तिम मतदाता नामावली समेत सार्वजनिक गरेको हो ।

वर्तमान अध्यक्ष पंकजविक्रम नेम्वाङ र उपाध्यक्ष दीर्घबहादुर केसी (कुमार) अध्यक्षको प्रतिस्पर्धामा छन् । औपचारिक रुपमा घोषणा नभए पनि दुवै पक्षले आफ्नै समूह बनाएर चुनावी मैदानमा उत्रिएका छन् ।

राखेपका सदस्यसचिव रामचरित्र मेहताले एन्फाले राखेपको निर्देशन नमानी निर्वाचन प्रक्रिया अघि बढाएको बताएका छन् । कानुनी प्रक्रियाअनुसार तहगत निर्वाचन गरेर अघि बढ्नुपर्ने राखेपको धारणा भए पनि एन्फाले फरक बाटो रोजेको उनको भनाइ छ । 'अदालत, फिफा र एएफसीको निर्णयबारे पत्र आएपछि थप छलफल हुन्छ ।'- उनले भने ।

एन्फा प्रवक्ता सुरेश शाहले भने फिफा र एएफसीको विधानअनुसार नै निर्वाचन प्रक्रिया अघि बढाइएको दाबी गरेका छन् । उनका अनुसार फिफा र एएफसीबाट आएको पत्र राखेपलाई पठाइनेछ र यदि अन्तर्राष्ट्रिय निकायले निर्वाचन रोक्न निर्देशन दिएमा एन्फा त्यसका लागि तयार छ ।

४ वर्षे कार्यकाल पूरा नहुँदै निर्वाचन गर्न लागेको एन्फा यसअघि दुई पटक निर्वाचन स्थगित गर्न बाध्य भएको थियो । एन्फा कार्यसमितिको पुस १६ गते बसेको बैठकले माघ २८ गते निर्वाचन गर्ने निर्णय गरेको थियो । तहगत निर्वाचन हुनुपर्ने भन्दै निर्वाचन रोक्न एन्फाकै उपाध्यक्ष विराटजंग शाहीले दायर गरेको रिटमा उच्च अदालत पाटनले अन्तरिम आदेश दिएपछि माघ २८ गतेको निर्वाचन रोकिएको थियो । त्यति बेलासम्म मनोनयन दर्ता भइसकेको थियो । निर्वाचन समितिले सोही मनोनयनलाई यथावत् राखेको छ । उच्चले अन्तरिम आदेशलाई निरन्तरता नदिएपछि एन्फाको निर्वाचन समितिले फागुन २७ गतेका लागि निर्वाचन मिति तोकेको थियो ।

एन्फाकै सदस्य रुपेश अधिकारीको निवेदनमा निर्वाचन आयोगले निर्वाचन आचारसंहिता लागू भएकाले निर्वाचन रोक्न पत्राचार गरेको थियो । त्यसलाई अटेर गर्दै अघि बढेको एन्फामा सुरक्षाकर्मी परिचालन गरेपछि एन्फा निर्वाचन रोक्न बाध्य भएको थियो ।

फागुन २१ गते संसदीय निर्वाचन सकिएको भोलिपल्टै एन्फा निर्वाचन समितिले पुनः निर्वाचित प्रक्रिया अघि बढाएको थियो । यसबिचमा राखेपले निर्वाचन प्रक्रिया रोक्न दिएको निर्देशनलाई एन्फाले बेवास्ता गर्दै अघि बढेको छ । एन्फाको सस्थापन एकपक्षीय रूपमा निर्वाचन प्रक्रिया अघि बढाएको भन्दै आलोचना गरेको अर्को पक्ष पनि पनि चुनावी मैदानमा उत्रिने निर्णय गरेको छ ।

अध्यक्षका प्रत्याशी केसीले सरकारको कानुन र राखेपको निर्देशनअनुसार तहगत निर्वाचन गरेर अघि बढ्नुपर्ने बताएका छन् । 'प्रक्रिया रोक्न सकिएन्, चुनावमै प्रतिस्पर्धा गर्ने निर्णयमा पुगेका छौं ।'-उनले भने ।

यस निर्वाचनमा एन्फाको एक वरिष्ठ उपाध्यक्ष पदका लागि वर्तमान उपाध्यक्षद्वय दावा लामा, दीपक खतिवडासहित साफका उपाध्यक्ष सुन्दरनरसिंह जोशीले उम्मेदवारी दिएका छन् । चार उपाध्यक्षका लागि १० जनाको मनोनयन परेको छ । खुला १३ कार्यसमिति सदस्य पदका लागि २८ जना तथा २ महिला सदस्यका लागि चार जनाले उम्मेदवारी दिएका छन् ।

एन्फा निर्वाचनमा सदस्य संस्था जिल्ला, प्रदेश, ए, बी, सी क्लब तथा खेलाडी, प्रशिक्षक, महिला र रेफ्री संघका गरी ८८ जनासँग मताधिकार रहेको छ ।

**लिग घोषणा गरेपछि क्लबको विरोध**

क्लबको अखिल नेपाल फुटबल संघ (एन्फा)ले एकतर्फी रुपमा शहिद स्मारक ए डिभिजन लिगको मिति तोकेपछि क्लबहरु विरोधमा उत्रिएका छन् ।

एन्फाले क्लबसँग छलफल नै नगरी चैत ३० गतेदेखि शहिद स्मारक ए डिभिजन लिग गर्ने घोषणा गरेपछि क्लबहरु विरोधमा उत्रिएका हुन् । आन्दोलनमा ए डिभिजनका ८, बी डिभिजनका ११ र सी डिभिजनका ३ क्लबहरु छन् । क्लबहरु आन्दोलनमा उत्रिएपछि सोमबार नै एन्फा महासचिव किरण राईसहित ८ क्लबका प्रतिनिधिहरु वार्तामा बसेका थिए । तर वार्ता असफल भएको र आफूहरुले रिले अनशन सुरु गरेको हिमालयन शेर्पा क्लबका अध्यक्ष तथा एन्फा पूर्वअध्यक्ष कर्मा छिरिङ शेर्पाले बताए ।

एन्फाले क्लबहरुसँग गरेको सम्झौताविपरीत एकपक्षीय रुपमा लिगको मिति तोकेपछि क्लबहरुले एन्फाको विरोध गर्दै धर्ना थालेका हुन् । ए डिभिजनका क्लबहरुबिच भएको सहमति कार्यान्वयन गर्न क्लबहरुले माग गरेका छन् । क्लबहरुले सात बुँदे माग अघि सारेका छन् । मध्यपुर युथ एसोसिएसनका अध्यक्ष उपेन्द्रमान सिंहले यसरी फुटबल नचल्ने बताएका छन् । फुटबल राम्रोसँग चलाउने हो भने खेलाडी, क्लब र एन्फाबी त्रिपक्षीय सहकार्य गरेर लिग खेल्ने वातावरण बनाउनुपर्ने जनाए ।

ए डिभिजन लिग नभएको १ हजार दिनभन्दा बढी भइसकेको छ । नेपाल फुटबल खेलाडी संघ र एन्फाबिच फागुन २६ गते भएको छलफलमा भने चैत ३० बाटै लिग गराउने सहमति भएको थियो । एन्फाले ए डिभिजन लिगका लागि थ्रीस्टार र एपीएफबाहेक १३ ए डिभिजन क्लबलाई सहभागिताका लागि पत्र काटेको थियो ।

थ्रीस्टारका उपाध्यक्ष जयकृष्ण श्रेष्ठले वार्ताका क्रममा एन्फाले खेलाडी संघसँगको सहमतिमा लिगको मिति तोकिएको बताएको उल्लेख गरे । उनले भने-'एन्फा आफैं नेपाली फुटबललाई प्रतिबन्ध लगाउने बाटोमा छ, एन्फाले क्लबहरुसँग गरेको सम्झौताअनुसार लिग गर्नुपर्यो । अहिले लिग नहुँदा १ सय ५० देखि ६० जना खेलाडीहरु विदेश गइसकेका छन्, केही रेस्टुरेण्टमा त कोही राइड सेयरिङ गर्दै छन् । क्यालेन्डरविना भाले कपजसरी लिग हुन्छ ।' उपाध्यक्ष श्रेष्ठले उच्च अदालतको फैसलाअनुसार ए डिभिजन खेल्न पाउनुपर्ने उल्लेख गरे ।

यता ए डिभिजन लिग खेल्न भने एपीएफ फुटबल क्लब एन्फाको निर्णय पर्खिरहेको क्लबका टिम मेनेजर विजय केसी बताउँछन् ।

एन्फाले लिगको मिति घोषणा गर्नु र क्लबहरु विरोधमा उत्रिएपछि फेरि एक पटक ए डिभिजन लिग अनिश्चित बनेको छ ।

# मुद्दाको प्रतिरक्षालाई अझ प्रभावकारी बनाउन आग्रह




दाङ । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले मुख्य न्यायाधिवक्ताको कार्यालयले न्याय निरूपण तथा प्रदेश सरकारको कानुनी प्रतिरक्षामा महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको बताएका छन् ।

लुम्बिनी प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालयको नवौं स्थापना दिवसका अवसरमा सोमबार राप्ती उपत्यका(देउखुरी) मा आयोजित अन्तर्क्रिया कार्यक्रममा बोल्दै मुख्यमन्त्री आचार्यले प्रदेश सरकारको प्रतिरक्षाको कामलाई कार्यालयले सुदृढ र प्रभावकारी बनाउँदै लगेको उल्लेख गरे ।

'अन्य प्रदेशको तुलनामा लुम्बिनी प्रदेशमा मुद्दा दर्ता हुने संख्या कम छ । धेरै मुद्दा कर्मचारीको वृत्तिविकाससँग सम्बन्धित छन्,' मुख्यमन्त्री आचार्यले भने-'प्रदेश सरकारलाई विपक्ष बनाएर दर्ता हुने मुद्दाको संख्या पनि पछिल्ला वर्षहरूमा घट्दै गएको देखिन्छ ।'

प्रदेश स्थापना भएपछि प्रारम्भिक चरणमा मुद्दाको संख्या बढ्दै गएको भए पनि पछिल्ला वर्षमा क्रमशः घट्दै गएको उनको भनाइ छ । 'नयाँ संरचना भएकाले सुरुवातमा मुद्दाको चाङ लागेको थियो । अहिले विस्तारै संख्या घट्दै जानु सकारात्मक पक्ष हो,' उनले भने-'तर सर्वोच्च अदालतमा मुद्दा थुप्रिनु भनेको न्याय निरूपण ढिला हुनु हो । त्यसलाई छिटो पेसी चढाएर फैसला गराउनेतर्फ सबैले मेहनत गर्न जरुरी छ ।'

मुख्यमन्त्री आचार्यले विकास निर्माणसँग सम्बन्धित मुद्दा कम भए पनि कर्मचारीको वृत्तिविकाससँग जोडिएका मुद्दा भने तुलनात्मक रूपमा बढी रहेको बताए । मुख्य न्यायाधिवक्ता यमलाल खनालको अध्यक्षता तथा मुख्यमन्त्री आचार्यको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा प्रदेश सरकारका प्रमुख सचिव कृष्णप्रसाद काप्रीले प्रदेश सरकारको प्रतिरक्षालाई थप बलियो बनाउन आवश्यक रहेको जनाए ।

'कानुन बनाउँदा र कार्यान्वयन गर्दा आउने समस्याका विषयमा अनुभव आदानप्रदान आवश्यक छ,' प्रमुख सचिव काप्रीले भने-'प्रतिरक्षाको काम प्रभावकारी बनाउन सबै निकायबिच समन्वय बलियो हुनुपर्छ ।' मुख्य न्यायाधिवक्ता यमलाल खनालले प्रदेश सरकारका मन्त्रालय तथा निकायसँग प्रभावकारी समन्वय भएमा मुद्दा प्रतिरक्षा अझ सुदृढ बन्ने बताए । उनले मुद्दा प्रतिरक्षाका लागि समन्वय अत्यन्त महत्वपूर्ण रहने धारणा राखे ।

कार्यक्रममा कार्यालय प्रमुख एवं उपन्यायाधिवक्ता ऋषिकेश बस्यालले कार्यालयको समिक्षात्मक प्रतिवेदन प्रस्तुत गरेका थिए । प्रतिवेदनमा लुम्बिनी प्रदेश मुख्य न्यायाधिवक्ताको कार्यालय २०७४ चैत २ गते स्थापना भएको र सुरुमा बुटवलमा रहेको कार्यालय २०७९ मंसिर २८ गतेदेखि स्थायी राजधानी राप्ती उपत्यका देउखुरीस्थित आफ्नै भवनबाट सञ्चालन हुँदै आएको उल्लेख गरिएको छ ।

प्रतिवेदन अनुसार कार्यालय प्रदेश सरकारको मुख्य कानुनी सल्लाहकारका रूपमा संवैधानिक तथा कानुनी विषयमा राय सल्लाह दिने, प्रदेश सरकारको हकहितसँग सम्बन्धित मुद्दामा अदालतमा बहस पैरवी गर्ने, लिखित जवाफको गुणस्तर कायम गर्न समन्वय गर्ने तथा अदालतका फैसला कार्यान्वयनको अनुगमन गर्ने जिम्मेवारीमा सक्रिय छ ।

कार्यालयले प्रदेशका प्रहरी हिरासत, कारागार तथा बाल सुधार गृहहरूको अनुगमन गर्दै मानव अधिकारको संरक्षणमा पनि ध्यान दिएको प्रतिवेदनमा उल्लेख छ ।

मुद्दा प्रतिरक्षाको अवस्थाबारे प्रस्तुत तथ्यांक अनुसार आर्थिक वर्ष २०७५/७६ देखि चालु आर्थिक वर्ष २०८२/८३ को फागुन मसान्तसम्म विभिन्न अदालतमा दर्ता भएका मुद्दामध्ये ठूलो संख्यामा फछ्र्यौट भइसकेका छन् । चालु आर्थिक वर्षमा १४७ मुद्दामध्ये ५१ मुद्दा फछ्र्यौट भइसकेका छन् भने ९६ मुद्दा बाँकी रहेका छन् । कार्यक्रमको सहजीकरण सहायक न्यायाधिवक्ता तेजप्रसाद पाण्डेले गरेका थिए ।

# स्याङ्जामा ग्यास पसलहरू अनुगमन



**श्रीकृष्ण सिग्देल**

*स्याङ्जा*

जिल्ला प्रशासन कार्यालय स्याङ्जाले बजारमा खाना पकाउने ग्यासको कृत्रिम अभाव हुन नदिन बजार अनुगमन गरेको छ । मध्यपूर्वी मुलुकमा युद्ध चलिरहेका बेला नेपालमा खाना पकाउने ग्यासको अभाव हुन थालेको खबर आउन थालेपछि जिल्ला प्रशासनको अगुवाइमा बजार अनुगमन गरिएको हो । बजारमा खाना पकाउने ग्यासको कृत्रिम अभाव सिर्जना गरी उपभोक्ता ठग्ने, कालो बजारी बढ्न सक्ने विषयलाई मध्य नजर गरेर जिल्लाका प्रमुख व्यापारिक शहरहरुका ग्यास डिलर र पसलहरुमा अनुगमन गरिएको सहायक प्रमुख जिल्ला अधिकारी प्रेम सुवेदीले बताए ।

सहायक प्रजिअ सुवेदीका अनुसार जिल्लाका पुतलीबजार, राङ्खोला, हेलु, वयरघारी, वालिङ, बायटारी, गल्याङलगायतका बजारहरुमा अनुगमन गरिएको छ । सहायक प्रजिअ सुवेदीको नेतृत्वमा खटिएको एकीकृत टोलीले बुधबार दिनभर ग्यास वितरणको अवस्था, मौज्दात र मूल्यका विषयमा स्थलगत जाँच गरेको बताइएको छ । 'ग्यासको अभाव हुन थालेको खबरहरु आउन थालेपछि स्याङ्जाका बजारक्षेत्रमा अनुगमन गरेका थियौं,' सहायक प्रजिअ सुवेदीले भने-'समाचारमा आएजस्तो स्याङ्जामा ग्यासको अभाव देखिएन, बजार समान्य र सबै ठिक अवस्थामा रहेकाले उपभोक्ताहरु ग्यास पाइदैन की भन्ने चिन्ता मान्नु पर्दैन ।'

ग्यास बिक्रेतालाई अबदेखि ग्यास बिक्री गर्दा उपभोक्ताको नाम र मोबाइल नम्बर राखेर बिक्री गर्न सुझाएको टोलीले जनाएको छ । सबै पालिकाहरुलाई पनि प्रशासनले पत्राचार गरेर ग्यासको अवस्थाका बारेमा जानकारी लिन र अनुगमन गर्न निर्देशन दिएको सहाहयक प्रजिअ सुवेदीले बताए । उपभोक्ताहरुले पनि ग्यास अभाव हुन्छ भन्ने डरमा आवश्यकताभन्दा बढी किनेर घरमा नराख्न सुवेदीले सुझाएका छन् ।

अनुगमनका क्रममा टोलीले ग्यास सिलिन्डरको परिमाण, तोकिएको तौल भए नभएको र बिक्री वितरण गर्दा अनिवार्य रूपमा बिलबिजक जारी गरिएको छ कि छैन भन्ने विषयमा सुक्ष्म अनुसन्धान गरेको उपभोक्त मञ्च स्याङ्जाका अध्यक्ष राजेन्द्र मरासिनीले जानकारी दिए । नियमविपरीत कारोबार गर्ने र प्रक्रिया नपुर्‍याएका केही ग्यास डिलरलाई सुझाउने काम गरिएको र व्यापारिक आचारसंहितामा रहेर बिक्री वितरण गर्न सचेत गराइएको मारासिनीले बताए ।

अनुगमन टोलीमा सहायक प्रजिअ सुवेदीको नेतृत्वमा एकीकृत सेवा कार्यालय स्याङ्जा, उपभोक्ता मञ्च स्याङ्जा, जिल्ला प्रहरी कार्यालय स्याङ्जालगायतको सहभागितामा अनुगमन गरिएको थियो । उपभोक्ताको हित संरक्षणलाई पहिलो प्राथमिकतामा राखेर बजारमा कृत्रिम अभाव सिर्जना गर्ने वा महँगोमा बेच्ने जस्ता गैरकानुनी कार्य रोक्न प्रशासनले नियमित रूपमा अनुगमन जारी राख्ने प्रशासनले जनाएको छ । खाद्य समाग्रीदेखि ग्यासको कृत्रिम अभाव देखाएर कालो बजारी गर्ने व्यवसायीलाई कारबाही समेत टोलीले बताएको छ । उपभोक्ताहरु पनि सचेत भएर खरीद बिक्रीमा लाग्न प्रशासनले सुझाएको छ ।

# राष्ट्रिय परिचयपत्रको नम्बरबाटै स्वास्थ्य बिमा

बुटवल । स्वास्थ्य बिमा कार्यक्रममा डिजिटल प्रणाली विस्तार गर्ने लक्ष्यसहित स्वास्थ्य बिमा बोर्डले राष्ट्रिय परिचयपत्र प्रणालीसँग सहकार्य सुरु गरेको छ ।

बोर्डले राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागसँग समझदारी गर्दै स्वास्थ्य बिमालाई क्रमशः राष्ट्रिय परिचयपत्र (एनआइडी) नम्बरमा आधारित बनाउने तयारी गरेको हो ।

राष्ट्रिय परिचयपत्रमा रहेको विवरण र नम्बरलाई स्वास्थ्य बिमा प्रणालीमा आबद्ध गर्ने गरी दुई निकायबिच समझदारी-पत्रमा हस्ताक्षर भएको हो ।

सम्झौता पत्रमा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक नमराज घिमिरे र स्वास्थ्य बिमा बोर्डका कार्यकारी निर्देशक डा. कृष्णप्रसाद पौडेलले हस्ताक्षर गरेका छन् ।

स्वास्थ्य बिमा बोर्डका सूचना अधिकारी विकेश मल्लका अनुसार सहकार्यपछि स्वास्थ्य बिमाको दर्ता तथा नवीकरण प्रक्रिया क्रमशः अनलाइनमार्फत गर्ने तयारी भइरहेको बताए । मल्लका अनुसार बोर्डले चैत २५ गतेभित्र नयाँ दर्ता अनलाइनमार्फत् गर्ने लक्ष्य राखेर गृहकार्य गरिरहेको छ ।

'अब स्वास्थ्य बिमाको छुट्टै कार्डको सट्टा नागरिकको राष्ट्रिय परिचयपत्र नम्बरकै आधारमा सेवा दिने प्रणालीतर्फ जाने तयारी भइरहेको छ ।'- मल्लले भने । उनका अनुसार एनआईडी प्रणालीसँग जोडिएपछि स्वास्थ्य बिमासम्बन्धी धेरै समस्या समाधान हुने अपेक्षा गरिएको छ ।

अहिले देशभरिबाट संकलन भएको राष्ट्रिय परिचयपत्रको डाटाबेससँग स्वास्थ्य बिमा कार्यक्रम जोडिदा डाटा प्रमाणीकरण सहज हुने, दोहोरो दर्ता कम हुने र कार्डको दुरुपयोग घट्ने मल्ल बताउँछन् ।

हाल स्वास्थ्य बिमा कार्यक्रममा करिब एक करोड नागरिक आबद्ध भइसकेका छन् । तर म्यानुअल प्रणालीका कारण कतिपय स्थानमा एउटै व्यक्तिको विवरण दोहोरिने, उमेर वा विवरण नमिल्ने तथा गलत प्रयोग हुने समस्या देखिएको मल्लले बताए । 'एनआईडी नम्बरको आधारमा प्रणाली जोडिँदा यस्ता समस्या धेरै हदसम्म नियन्त्रण हुन्छ ।'- मल्लले भने ।

# तिलोत्तमा सिमानगरमा साढे तीन करोडको आधुनिक हाटबजार बन्दै

बुटवल । तिलोत्तमा नगरपालिकाको वाड नम्बर ४ को सिमानगरमा आधुनिक र महिलामैत्री हाटबजार निर्माणका लागि निर्माण कम्पनीसँग सम्झौता गरी काम सुरु भएको छ । युएसएडअन्तर्गत फिनल्यान्ड सरकारको युएनपिओएसको आर्थिक सहयोग र नगरपालिकाको लागत साझेदारीमा शुरु भएको हाट बजार आगामी ६ महिनाभित्र निर्माण सम्पन्न गर्नेगरी सम्झौतामा भएको छ ।

सिमानगर क्षेत्रलाई केन्द्र बनाएर निर्माण हुन लागेको आधुनिक र महिला मैत्री हाटबजारमा तरकारी तथा फलफूल बिक्रीका लागि वातानुकुलित स्टल, सार्वजनिक शौचालय, खानेपानी, पार्किङ्, जेष्ठ नागरिकका लागि चौतारी, बालबालिकाका लागि बाल उद्यान, शान्ति सुरक्षाका लागि सिसिटिभीलगायतका आधारभूत सुविधा समेटिने तिलोत्तमा नगरपालिकाका नगरप्रमुख रामकृष्ण खाँणले बताए ।

हाटबजारको निर्माणको जिम्मा पाएको मुक्ति कन्ट्रक्सन प्रा.लि.का सञ्चालक गोबिन्द पाण्डेले नगरपालिकाले आह्वान गरेको भन्दा २७ प्रतिशत कम रकममा निर्माण सम्पन्न गर्ने गरी ठेक्का पाएको बताए । सिंगल र डबल गरी २० वटा सटरसहित वातानुकुलित वातावरणको जेष्ठ नागरिक, बाल बालिका,अपाङ्गता र महिलामैत्री हाटबजारका रुपमा तयार हुने गरी काम सुरु गरेको उनले बताए ।

नगरपालिकाको सहयोगमा निर्माण हुन लागेको उक्त हाटबजारले स्थानीय उत्पादनको बिक्री-वितरणलाई व्यवस्थित बनाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ ।

हाटबजार निर्माणपछि किसानले आफ्ना कृषि उपज प्रत्यक्ष रूपमा बिक्री गर्न सक्ने वातावरण तयार हुने तथा स्थानीय आर्थिक गतिविधि पनि चलायमान हुने अपेक्षा गरिएको स्थानिय तथा समावेशी आमा समूहकी अध्यक्ष निमकला खाँणले बताइन् ।

स्थानीय उत्पादनलाई सहज रूपमा बिक्री-वितरण गर्न र किसानलाई प्रत्यक्ष बजार उपलब्ध गराउने लक्ष्यका साथ हाटबजार निर्माणको लागि योजना बनाइएको भन्दै नगर प्रमुख खाँणले ३ करोड ६२ लाख रुपैयाँमा ठेक्का सम्झौता भै काम सुरु भएकोमा नगरपालिकाको लागत साझेदारी ३० प्रतिशत रहेको बताए ।

स्थानीय बासिन्दाले हाटबजार निर्माण सुरु भएकोमा खुशी व्यक्त गर्दै यसले किसान र साना व्यवसायीलाई ठूलो राहत मिल्ने बताएका छन् । साथै बजार सञ्चालनमा आएपछि यस क्षेत्रको व्यापारिक गतिविधि बढ्ने र स्थानीय उत्पादनले उचित बजार पाउने अपेक्षा समेत गरिएको छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको
लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ
न्यू कुमकुम ज्वेलर्स
बि.पि. चोक, बुटवल-४, रुपन्देही

स्वदेशी तथा विदेशी डिजाइनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
विगत १५ वर्षदेखि तपाईको सेवामा समर्पित
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्ष: मोहन चापागाईं, सल्लाहकार: एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालक: महेश रिजाल, सम्पादक: शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालय: बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेल: dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोन: ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com